आज मिति २०८२-०२-१४ गतेका दिन यस मदाने गाउँपालिकाका अध्यक्ष श्री महेन्द्र बहादुर कुँवर ज्यूको अध्यक्षतामा बसेको मदाने गाउँ कार्यपालिकाको बैठकले तपसिलका उपस्थितिमा देहायका निर्णयहरु गरियो ।

| क्र.सं. | नाम थर | पद | ठेगाना | फोन नं. | हस्ताक्षर | कै |
|---|---|---|---|---|---|---|
| १ | महेन्द्रबहादुर कुँवर | अध्यक्ष | मदाने गा.पा. ६ | ९८५७०२७९४२ | | |
| २ | सरिता खड्का | उपाध्यक्ष | मदाने गा.पा. ५ | ९८५७०७२७१८ | | |
| ३ | शालिकराम पन्थी | प्र.प्र.अ. | छत्रदेव गा.पा. ६ | ९८५७०४९०४९ | | |
| ४ | शुसिल चन्द | वडा अध्यक्ष | मदाने गा.पा. १ | ९८४४४७८६७७ | | |
| ५ | माधवप्रसाद भुसाल | वडा अध्यक्ष | मदाने गा.पा. २ | ९८५७०६७३९३ | | |
| ६ | चेतबहादुर सेन | वडा अध्यक्ष | मदाने गा.पा. ३ | ९८५७०६७४०५ | | |
| ७ | प्रेम बहादुर सेन ओली | वडा अध्यक्ष | मदाने गा.पा. ४ | ९८४७००५०१२ | | |
| ८ | हिमाल खड्का | वडा अध्यक्ष | मदाने गा.पा. ५ | ९८५७०८१९८१ | | |
| ९ | मनिराम थापा | वडा अध्यक्ष | मदाने गा.पा. ६ | ९८५७०६१७४३ | | |
| १० | सन्तोष के.सी. | वडा अध्यक्ष | मदाने गा.पा. ७ | ९८४१३६२५१५ | | |
| ११ | कमला कुँवर | कार्यपालिका सदस्य | मदाने गा.पा. ४ | ९८६६५२२७३३ | | |
| १२ | कमला भट्टराई | कार्यपालिका सदस्य | मदाने गा.पा. ४ | ९८६९३१५१८९ | | |
| १३ | सुर्या कुमारी कुँवर | कार्यपालिका सदस्य | मदाने गा.पा. ६ | ९८६३८४२३३३ | | |
| १४ | सुस्मिता सुनार टोमटा | कार्यपालिका सदस्य | मदाने गा.पा. ७ | ९८६६२७२१७५ | | |
| १५ | जिव बहादुर वि.क. | कार्यपालिका सदस्य | मदाने गा.पा. २ | ९८६००५३१४६ | | |
| १६ | हिरे सुनार | कार्यपालिका सदस्य | मदाने गा.पा. ७ | ९८४७३९१६७७ | | |
| १७ | कुलचन्द्र भुसाल | अधिकृत छैठौं | प्रशासन शाखा | ९८४०७१४६५७ | | |

Scanned with CamScanner

## कार्यपालिका बैठक संख्या:- १४

## मिति २०८२/०२/१४ गतेको बैठक

**प्रस्तावहरु:-**

१. पूर्व कार्यपालिकाको बैठकको निर्णयहरु समीक्षा सम्बन्धमा।
२. तारजाली र पाइप वितरण सम्बन्धमा ।
३. आगामी आ.व. २०८२/०८३ को वार्षिक विकास कार्यक्रमको प्राथमिकता निर्धारण सम्बन्धमा।
४. आगामी आ.व. २०८२/०८३ को वार्षिक विकास कार्यक्रमको मार्गदर्शन नि[illegible] सम्बन्धमा।
५. आगामी आ.व. २०८२/०८३ को नीति तथा कार्यक्रम सम्बन्धमा।
६. विपद समम्वन्धमा ।
७. इन्द्र थापाको लागि विपदवाट आर्थिक सहायता सम्बन्धमा ।
८. कृषक सम्मान सम्बन्धमा ।
९. पुर्ण पोषणमैत्री गाउँपालिका घोषणा सम्बन्धमा ।
१०. पुर्ण संस्थागत सुत्केरी गाउँपालिका घोषणा सम्बन्धमा ।
११. पुर्ण खोप गाउँपालिका सम्बन्धमा ।
१२. गुल्मी महोत्सवको लागि गुल्मी चेम्वर्श अफ कमर्शलाई १५ हजार आर्थिक सहायता दिने सम्बन्धमा ।
१३. वाल विकास निमावी बाँझकटेरी भेडीखोरको भवन भत्काउने सम्बन्धमा ।
१४. कृषक प्रोत्साहन सम्वन्धमा ।
१५. आर्थिक सहायता सम्वन्धमा।
१६. विविध।

निर्णयहरु:-

१. प्रस्ताव नं. १ माथी छलफल गर्दा मदाने गाउँपालिका गाउँकार्यपालिकाको मिति २०८१/०१/०५ गते बसेको कार्यपालिका बैठकका निर्णयहरु कर्मचारी तह वृद्धि सम्बन्धमा, पुस्ताकालय सम्बन्धमा, उत्कृष्ट कार्यसम्पादन गर्ने विद्यालयहरुलाई प्रस्तावनाको आधारमा अनुदान सम्बन्धमा, सिपमुलक तालिम कार्यक्रमको सम्बन्धमा, कोदो प्रोत्साहनमा कृषक छनौट सम्बन्धमा, टिमुर खेती सम्बन्धमा, कृषक प्रोत्साहन सम्बन्धमा, मासु पसल सुधार सम्वन्धि कार्यविधि निर्माण गर्ने सम्बन्धमा, प्रदेश विशेष योजना माग सम्बन्धमा, प्रदेश समपुरक योजना माग सम्बन्धमा, आर्थिक सहायता सम्बन्धमा निर्णयहरुको समिक्षा गरियो ।

२. यस मदाने गाउँपालिकामा आर्थिक वर्ष २०८१/०८२ मा ठेक्का भई प्राप्त भएको तारजाली २ घनमिटरको १२० पिस र १.५ घनमिटरवाला १४९ पिस मध्ये तपसिलका वडाहरुमा र गाउँपालिकामा तपसिल बमोजिम वितरण गर्ने निर्णय सर्व-सम्मत पारित गरियो ।साथै पाइप वितरण वडाको माग बमोजिम खरिद भएको र सोही अनुसार वितरण गर्ने निर्णय सर्व-सम्मत पारित गरियो ।

तपसिलः-

| क.स. | वडा नं. | पिस वितरण | कै. |
|---|---|---|---|
| १ | अग्लुङ्ग | ३० | |
| २ | बाँझकटेरी | ३० | |
| ३ | सिर्सेनी | ३० | |
| ४ | म्यालपोखरी | ३० | |
| ५ | मलागिरी | ३० | |
| ६ | पुर्कोटदह | ३० | |
| ७ | भनभने | ३० | |
| ८ | गाउँपालिका | ५९ | |
| जम्मा | | २६९ | |

Scanned with CamScanner

३. मदाने गाउँपालिकाको आगामी आ.व. २०८२/०८३ को वार्षिक विकास कार्यक्रमको प्राथमिकता निर्धारण गर्दा तपशिल बमोजिम गर्ने निर्णय सर्वसम्मत गरियो ।

प्राथमिकताका क्षेत्रहरुः-

| प्राथमिकताक्रम नं. | विषयक्षेत्रहरु | बजेट छुट्याउनु पर्ने प्रतिशत |
|---|---|---|
| १ | भौतिक पुर्वाधार | ३५ |
| २ | कृषि | २५ |
| ३ | शिक्षा | १४ |
| ४ | स्वास्थ्य | ९ |
| ५ | खानेपानी | ९ |
| ६ | पर्यटन | ४ |
| ७ | विविध | ४ |
| जम्मा | | १०० |

४. मदाने गाउँपालिकाको आगामी आ.व. २०८२/०८३ को वार्षिक विकास कार्यक्रमको मार्गदर्शन निर्धारण गर्दा तपशिल बमोजिम गर्ने निर्णय सर्वसम्मत गरियो ।

मार्गनिर्देशनहरुः-

| क्र.सं. | मार्गनिर्देशनहरु |
|---|---|
| १ | पूर्वाधारं विकास तर्फ ४० प्रतिशत बजेट विनियोजन गर्नुपर्ने |
| २ | आर्थिक विकास तर्फ २५ प्रतिशत बजेट विनियोजन गर्नुपर्ने |

Scanned with CamScanner

| | |
|---|---|
| ३ | लैससास तथा सामाजिक विकास तर्फ १५ प्रतिशत बजेट विनियोजन गर्नुपर्ने |
| ४ | कम्तिमा १ वटा योजना ५ लाख लागतभन्दा बढीको योजना बनाउनु पर्ने (दसै मोटरबाटो बनाउने बाहेक) |
| ५ | न्यूनतम रु. १ लाख भन्दा सानो योजना बनाउन नपाउने |
| ६ | मोटरबाटो मर्मतसंभारमा रु.६ लाख भन्दा बढी बजेट विनियोजन गर्न नपाइने |

५. मदाने गाउँपालिकाको आगामी आ.व. २०८२/०८३ को नीति तथा कार्यक्रम तयार पार्न आवश्यक सल्लाह सुझाव सहित प्रस्तुत गर्न सम्पुर्ण विषयगत समितिका प्रमुख तथा सदस्य सचिवलाई जिम्मेवारी दिने निर्णय सर्वसम्मत पारित गरियो ।

६. यस गाउँपालिकामा बाढी पहिरो प्रकोप आदीले पुर्याउने क्षतिको लागि विपद व्यवस्थापनबाट गर्ने गरी व्यवस्था गरी गाउँपालिकाका मुख्य बाटोहरुलाई दैनिक सञ्चालन हुने गरि व्यवस्था गर्ने निर्णय सर्व-सम्मत पारित गरियो ।

७. यस गाउँपालिका वडा नं. ६ निवासी इन्द्र थापा प्रकोप पिडित भएको र घरको आर्थिक अवस्था अत्यन्तै नाजुक भएको हुँदा उहाँको घर निर्माणको लागि विपद व्यवस्थापनबाट उपलब्ध हुने गरि रु. ४० हजार रुपैया दिने निर्णय सर्व-सम्मत पारित गरियो ।

८. यस मदाने गाउँपालिकामा आर्थिक वर्ष २०८१/०८२ मा कोदो धेरै उत्पादन गरे बापत प्रत्येक वडाबाट तपसिल कृषकलाई तपसिलको धनराशी पुरस्कार सहित सम्मान यसै बैठक मार्फत पारित गरियो ।

| क्र.स. | वडाहरु | पुरस्कृत कृषक | पुरस्कार राशी |
|---|---|---|---|
| १. | बाँझकटेरीबाट | डुके भुसाल | १०,०००/- |
| २. | सिर्सेनी | रत्न बहादुर घर्ति क्षेत्री | १०,०००/- |
| ३. | म्यालपोखरी | शिव बहादुर थापा | १०,०००/- |
| ४. | मलागिरी | चुमान सिंह खड्का | १०,०००/- |
| ५. | पुर्कोटदह | जगत बहादुर कुँवर | १०,०००/- |
| ६. | भनभने | खड्क बहादुर जि.सी | १०,०००/- |

Scanned with CamScanner

९. यस मदाने गाउँपालिकालाई आर्थिक वर्ष २०८१/०८२ सम्ममा सम्पुर्ण वडाहरु पुर्ण पोषणमैत्री हुनको लागि मापदण्ड पुरा गरेको हुँदा वडा र गाउँपालिकालाई पनि पुर्ण पोषणमैत्री गाउँपालिका घोषणा गर्ने निर्णय सर्व-सम्मत पारित गरियो ।

१०. यस मदाने गाउँपालिकालाई आर्थिक वर्ष २०८१/०८२ सम्ममा सम्पुर्ण वडाहरु पुर्ण संस्थागत सुत्केरी हुनको लागि मापदण्ड पुरा गरेको हुँदा वडा र गाउँपालिकालाई पनि पुर्ण संस्थागत सुत्केरी गाउँपालिका घोषणा गर्ने निर्णय सर्व-सम्मत पारित गरियो ।

११. यस मदाने गाउँपालिकालाई आर्थिक वर्ष २०८१/०८२ सम्ममा सम्पुर्ण वडाहरु पुर्ण खोप हुनको लागि मापदण्ड पुरा गरेको हुँदा वडा र गाउँपालिकालाई पनि पुर्ण खोप गाउँपालिका घोषणा गर्ने निर्णय सर्व-सम्मत पारित गरियो ।

१२. रेसुङ्गा नगरपालिका तम्घास, गुल्मी सञ्चालित गुल्मी महोत्सवको लागि गुल्मी चेम्वर्श अफ कमर्शलाई १५ हजार आर्थिक सहायता उपलब्ध गराउने निर्णय सर्व-सम्मत पारित गरियो ।

१३. मदाने गाउँपालिका वडा नं. २ बाँझकटेरीमा रहेको श्री बाल विकास निमावी बाँझकटेरी भेडीखोरको भवन जिर्ण भएको र पुनर्निर्माणको लागि आवश्यक रहेको हुँदा उक्त भवन भत्काउने निर्णय सर्व-सम्मत पारित गरियो ।

१४. यस मदाने गाउँपालिकामा आ.व. २०८१/०८२ को वार्षिक बजेट अनुसार कृषक प्रोत्साहन कार्यक्रमको अन्तर्गत कृषकलाई सहयोग गर्न कृषि शाखाले नियमानुसार गर्ने निर्णय सर्व-सम्मत पारित गरियो ।

१५. मदाने गाउँपालिका भित्र बसोबास गर्ने आर्थिक रुपमा अत्यन्तै कमजोर देहायका नागरिकहरुलाई गरिवीका कारण उपचार गर्न नसकेका तथा विभिन्न समस्यामा रहेका देहायका नागरिकहरुलाई आर्थिक सहायता उपलब्ध गराउने निर्णय सर्व-सम्मत पारित गरियो ।

| क्र.स. | नाम, थर | ठेगाना | समस्या | आर्थिक सहायता | कै. |
|---|---|---|---|---|---|
| १. | गन्ज बहादुर घर्ति | मदाने-०४ | काजकिरियामा समस्या | ५०००/- | |
| २. | मने सुनार | मदाने-०४ | घाँटीमा क्यान्सर भएको | ५०००/- | |
| ३. | टुक बहादुर घर्ति | मदाने-०६ | काजकिरियामा समस्या | ५०००/- | |
| ४. | तुलाराम भुसाल | मदाने-०२ | काजकिरियामा समस्या | १००००/- | |
| ५. | रन बहादुर बोहोरा | मदाने-०१ | लडेर घाइते भएको | ५०००/- | |
| ६. | भेष वहादुर वि.क. | मदाने-०१ | खुट्टा भाँचिएको | ५०००/- | |

Scanned with CamScanner

१६. मदाने गाउँपालिका कार्यपालिकाको बैठक संख्या १४ (आ.व. २०८१/०८२) को मिति २०८२/०२/१४ गतेको कार्यपालिका बैठकले गरेका सम्पुर्ण निर्णयहरुमा कार्यपालिकाका सम्पुर्ण सदस्यहरुको मतैक्यता रहेको, कुनै पनि बुदाँमा असहमति नरहेको र सम्पूर्ण निर्णयहरु सर्व-सम्मत पारित गरेको व्यहोरा निर्णय गरियो ।

Scanned with CamScanner